# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०९।२६ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला महोत्तरी बलवा नगरपालिका वडा नं. ३ मा आ.व. २०७४/०७५ मा सडक ढलानको लागि विनियोजित रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण योजनामा नभए नगरेको कार्यलाई भएको गरेको भनी नापी गरी बदनियतपूर्वक कार्य सम्पन्न प्रतिवेदनमा रू.१,०८,९५३।२२ को कार्य बढी मूल्याङ्कन गरेर झुट्टा विल स्वीकृत गरी भुक्तानी गरेको देखिँदा यसरी बदि्नयतपूर्वक नभएको नगरेको कार्य देखाई भएको गरेको भनी गलत नापी किताब र कार्य सम्पन्न प्रतिवेदनसम्म तयार गरी/गराई गलत भुक्तानी दिई/लिई भ्रष्टाचारजन्य काम गरेको पुष्टि हुन आएकोले उक्त भ्रष्टाचार कसूरमा संलग्न देहायबमोजिमका पदाधिकारीहरू र कर्मचारीहरूलाई देहायबमोजिमको सजाय हुन मागदाबी लिई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ र दफा ३५ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३६ बमोजिम आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

**देहाय:**

| सि.नं | नामथर | कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|---|
| १. | तत्कालीन प्रमुख प्रशासकीय अधिकृत स्वर्गीय बालविर ठाकुर | बलवा नगरपालिका नगर कार्यपालिकाको कार्यालय, महोत्तरी | रू.१,०८,९५३।२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूर र नभएको नगरेको कामलाई भएको गरेको भनी कार्य सम्पन्न प्रतिवेदन स्वीकृत भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) को कसूर गरेको देखिएता पनि निजको मृत्यु भएको हुँदा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा १३३ को उपदफा (२) र दफा १५८ को उपदफा (२) बमोजिम मरेको व्यक्तिको हकमा समेत सरकारी वा निजी विगो, क्षतिपूर्ति वा रकम भराउन सकिने कानूनी व्यवस्था रहेको हुँदा निजका अंशियारहरुबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम बिगो असुल उपर गर्ने प्रयोजनको लागि बालविर ठाकुरको नामबाट हक खाने अंशियारहरू पलवी ठाकुर र रौनित ठाकुर हकवालाको नाममा बालविर ठाकुरको सम्पत्ति हस्तान्तरण भएको वा हुने सम्पत्तिसमेतबाट उक्त बिगो असुल उपर हुनतर्फ मात्र मागदावी लिइएको छ । |
| २. | तत्कालीन सब-इन्जिनियर हिरा | बलवा नगरपालिका नगर कार्यपालिकाको | रू.१,०८,९५३।२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा ऐ.ऐ. |

| | | | | |
|---|---|---|---|---|
| | लाल मण्डल र जित कुमार यादव | कार्यालय, महोत्तरी | | दफा ८ को उपदफा (१) बमोजिम बिगो कायम गरी कैद र बिगो बमोजिम जरिवाना गरी बिगो असुल उपर हुन साथै, सो योजनामा नभएको नगरेको कामलाई भएको गरेको भनी कार्य सम्पन्न प्रतिवेदन बनाएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन समेत मागदाबी लिइएको छ। |
| ३. | समितिका अध्यक्ष राम सागर कपडी सुडि | बलवा नगरपालिका वडा नं. ३ परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण कार्यको अनुगमन समिति | रू.१,०८,९५३।२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूरमा ऐ.ऐ. को दफा १९ को उपदफा (२) बमोजिम कैद र जरिवाना हुन साथै, सो अनुगमन प्रतिवेदन अनुसार नै गलत भुक्तानी भएको देखिँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) को कसूरमा ऐ.ऐ. दफा ८ को उपदफा (४) बमोजिम निजलाई बिगो कायम गरी कैद वा बिगोबमोजिम जरिवाना गरी उक्त बिगो जफत हुन समेत मागदाबी लिइएको छ । |
| ४. | समिति अध्यक्ष रामजी साहु सुडि, कोषाध्यक्ष अशोक कुमार पजियार र सचिव नजबुल खातुन | बलवा नगरपालिका वडा नं. ३ परिक्रमा रोडदेखि ईदरिश नदाफको घर हुँदै विजलवा टोलको तारगाछीसम्म पी.सी.सी. र मुस्लिम सामुदायिक भवन निर्माण उपभोक्ता समिति | रू.१,०८,९५३।२२ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा ऐ.ऐ. को दफा ८ को उपदफा (४) बमोजिम निजहरूलाई विगोको आधारमा कैद वा बिगो बमोजिम जरिवाना गरी बिगो जफत हुन समेत मागदाबी लिइएको छ । |

प्रवक्ता
श्याम प्रसाद भण्डारी